नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५


वर्ष ३२ अंक ७ २०७९ साल साउन ९ गते सोमबार (25 July 2022 Monday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'उन्यूका डाक्टर' ले पत्ता ... ३ पृष्ठमा : मौद्रिक नीति सकारात्मक ... ३ पृष्ठमा : भारतमा बीस हजारभन्दा ...

# मधेश प्रदेशका मुख्यमन्त्रीद्वारा प्रधानमन्त्रीलाई ध्यानाकर्षण



**दैनिक समाचारदाता**
**काठमाडौं, ८ साउन ।**

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको टोलीले आइतबार प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष प्रदेशको स्थायी संरचना निर्माण तथा प्रहरी समायोजनको विषयमा ध्यानाकर्षण गराएका छन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल ( प्रचण्ड), एकिकृत समाजवादी पार्टी (एस)का अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल सहित सत्ता साझेदार गठबन्धनमा रहेका पार्टीका अध्यक्षहरुको विशेष उपस्थितिमा प्रधानमन्त्री देउवालाई सो ध्यानाकर्षण गराईएको हो ।

ध्यानाकर्षण पत्रमा नेपालको संविधानको धारा २६८ ले प्रदेश प्रहरी संगठनको व्यवस्था गरेको तथा अनुसूची ६ मा प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा सम्बन्धी अधिकार प्रदेश सरकारको एकल अधिकार सूचीभित्र रहेको भन्दै 'प्रहरी समायोजन ऐन तथा नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था गर्न सङ्घीय ऐन समेत बनिसकेको छ ।' उल्लेख छ ।

समितिले मधेश प्रदेशको सरकारी संरचना रहेको मधेश भवन (जनकपुर चुरोट कारखाना) र प्रदेश सभा रहेको स्थल लगायतका स्थानहरुमा स्थायी संरचना निर्माणका लागि सिफारिस गरिएका जग्गाहरु प्रदेश सरकारको नाउँमा हस्तान्तरण गर्न मधेश प्रदेश सरकारको तर्फबाट आग्रह गरिएको छ । साथै स्थायी भौतिक संरचनाका लागि समेत चाहिने आर्थिक श्रोत व्यवस्थापन गर्न सङ्घीय सरकारका प्रधानमन्त्री देउवालाई आग्रह गरिएको मधेश प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साहले जानकारी दिएका छन् ।

संवैधानिक तथा कानूनी व्यवस्थाको आधारमा आगामी निर्वाचन अगावै नै प्रहरी समायोजन गरी हस्तान्तरण गर्न तथा जिल्ला प्रशासनलाई प्रदेश सरकार मातहतमा ल्याउन आवश्यक निर्णय तथा निर्देशन दिई पहल गरिदिन ध्यानाकर्षण पत्र मार्फत अनुरोध गरिएको छ । मधेश प्रदेश राजधानीको भौतिक संरचना निर्माणको लागि सम्भाव्यता अध्ययन गर्न प्रदेश सरकारले गठन गरेको समितिले प्रतिवेदन बुझाईसकेको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्री रामसरोज यादव, गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साह, अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, उर्जा तथा खानेपानी मन्त्री ओम प्रकाश शर्मा, महिला बालबालिका युवा तथा खेलकुद मन्त्री बिरेन्द्र प्रसाद सिंह, उद्योग पर्यटन तथा वन मन्त्री शत्रुधन महतो, मुख्य न्यायाधिवक्ता दिपेन्द्र झा सहितको टोलीले प्रधानमन्त्री देउवालाई ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

प्रधानमन्त्री देउवाले मधेश प्रदेशको तर्फबाट गराईएको ध्यानाकर्षणपत्रलाई सकारात्मक रुपमा लिएको तथा उक्त विषयहरुलाई कार्यान्वयन गर्ने प्रतिवद्धता समेत व्यक्त गरेका थिए ।

# अंशको निहुँमा देवरले भाउजुलाई निर्घात कुटे



**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**

राजविराज नगरपालिका वडा नं. १३ पिपराई टोल बस्ने बलराम यादवले आफ्नै भाउजु रेखालाई निर्घात कुटपिट गरेका छन् । जग्गा अंशको निहुँमा देवर बलरामले भाउजुलाई निर्घात कुटपिट गरेका हुन् ।

पति बैदेशिक रोजगारीमा मलेशियामा रहेको मौका छोपी आइतबार बिहान जग्गाको अंश विषयको विवादमा बलरामको निर्घात कुटपिटबाट रेखाको टाउको फुटेको छ । उनको स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

कुटाईबाट रेखाको टाउकोमा चार वटा टाका लगाइएको तथा शरीरको अन्य भागमा पनि चोट देखिएको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुले जानकारी दिएका छन् ।

बलरामले पटक पटक जग्गा अंशको विषयलाई लिएर कुटपिट र गालीगलौज गर्दै आएका रेखाले बताइन् । उनले कहिले पैसा माग्ने गरेको त कहिले जग्गा अंश माग्ने गरेकोमा दाजुसँग नै कुरा गर्न भन्दा ज्यानै लिने गरि आक्रमण गरेको सुनाइन् ।

सप्तरीको महदेवा गाउँपालिका १ माइत भएकी रेखाकोतर्फबाट आइतबार नै बुबा राजेन्द्रले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिई पीडकमाथी कारवाहीको माग गरेको छ । प्रहरीले पीडकको खोजि भइरहेको जनाएको छ ।

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ७ खर्साल टोल (पुरानो सिडिओ अफिस नजिक रहेको नाला छेउ) मा एकतल्ले घर भएको १४ धुर जग्गा बिक्रिमा रहेकोले खरीद गर्न चाहने महानुभावले निम्न मोबाइल नं. मा सम्पर्क गर्नुहोला ।

**मोबाइल नं.** ९८०५९२२९०९, ९८१९९५१४०२

# राजविराज नगर हाक्दै महिला उपमेयर परवीन



**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**

राजविराज नगरपालिकाका मेयर निलम्बनमा परेपछि अहिले नगरपालिका हाक्ने जिम्मा उपमेयर इसरत परवीनले पाएकी छिन् ।

दुई महिना अघि उपमेयरमा निर्वाचित भएकी उनी यति बेला मेयरको पनि जिम्मेवारी उनले नै सम्हाल्न पुगेपछी कार्य गर्न भ्याई नभ्याई भएको छ ।

दैनिकी कामकाजमा प्रमुख प्रशासकिय अधिकृत भोगेन्द्र यादवसहित सबै कर्मचारीले पनि कार्यसम्पादनमा सहयोग गरिरहेको उनले बताइन् । यता निलम्बित मेयर यादव बाहिर वसेर पनि हौसला, साथ र सहयोग दिन थालेपछि काम गर्न सहज भएको उनको भनाई छ ।

उनले नगरपालिकाद्वारा संचालित विकास निर्माण कार्यमा आफु प्राविधीक सहितको टोली लिएर अनुगमन गर्ने गरेको र मापदण्ड अनुसारको काम भएकालाई मात्र भुक्तानी दिने गरिएको बताउँदै भविष्यमा हुने यस्ता काममा सम्बन्धित निर्माण कम्पनी र उपभोक्तालाई गुणस्तरीयताको ख्याल राख्न सचेत पनि गराउँदै आएकी बताउँछन् ।

यस्तै उनको मुख्य जिम्मेवारी न्यायिक समितीको पनि हो । ती जिम्मेवारी पनि कुशलतापुर्वक उनी निर्वाह गर्न थालेकी उपमेयर परवीनले स्थानीयतहको सेवा संचालन ऐन तथा व्यवस्था सम्बन्धी आदेशको पुरै अध्ययन गरिसकेको बताउछिन् ।

उनले संविधानले दिएको अधिकार क्षेत्र भित्रै रहेर न्यायिक समितीमा आउने मुद्दालाई टुग्याउँने गरेको बताईन । उनले अधिकाँश मुद्दामा मिलापत्र गराइएको, कतिपयमा कडा निर्देशन दिएको र क्षेत्राधिकार बाहिर रहेका केही मुद्दा अदालतमा पठाइएको जानकारी दिइन ।

उनका श्रीमान् समिम कानून व्यवसायी हुन । उनले पनि यस्ता विवाद निरुपण र न्याय सम्पादन कार्यमा निकै मद्दत गर्ने गरेको उपमेयर परबीन सुनाउँछिन ।

२०७४ सालमा राजविराज ७ स्थित राजरंगशालाको स्तरोन्नती कार्य गर्दा निर्माण

***बाँकी अन्तिम पृष्ठमा***

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### अवैध रक्सीको व्यापार अझै रोकिएन

प्रहरीले अवैध रक्सीको कारोबार नियन्त्रण गर्न निकै प्रयास गरे पनि सो कार्य अहिले पूर्ण रुपले नियन्त्रणमा आउन सकेको छैन् । हुन त प्रहरीले त्यसलाई नियन्त्रण गर्ने प्रयास अझै जारि नै राखेको छ । स्थानीय स्तरमा निर्माण गरिएको रक्सीमा कम मूल्यमा उपलब्ध हुने भएका कारण पनि स्थानीय स्तरमा उत्पादन भएका रक्सीमा सेवनकर्ताहरुको चासो बढ्दै गएको छ । चाँडो भन्दा चाँडो नशा दिने किसिमको खुल्ला रक्सीको सेवन गर्नेको संख्या दिनप्रतिदिन बढ्दै गएको छ ।

सस्तो दरमा रक्सीको बिक्रीबितरण गर्ने यस्ता व्यापारीहरुको संख्या पनि दिनप्रतिदिन बढ्दै गएको छ । सानो घरहरु भएपनि भाडामा लिएर स्थानीयस्तरमा बनाइएको रक्सी बिक्री बितरणको क्रम बढ्दै छ । सस्तो दरमा बिक्री भएपछि निम्न वर्गका व्यक्तिहरु यसप्रति आकर्षित हुन्छन् ।

रक्सीको नाममा बिष बेच्नेहरु मोटाउनेछन् भने धेरै एकल महिला बन्ने र बालबालिका टुहुरो बन्दै जाने निश्चित भएका कारण यसप्रति सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ । तसर्थ अवैध रक्सीको व्यापार र सेवनकर्तालाई नियन्त्रण गर्न प्रहरी प्रशासनदेखी स्थानियवासी समेतले अझै सक्रियता देखाउनु उत्तिकै आवश्यक छ ।

# ‘उन्यूका डाक्टर’ ले पत्ता लगाएको क्यान्सरको औषधि

**रमेश लम्साल**
काठमाडौँ, ८ साउन (राससः) ।

भक्तपुर सूर्यविनायक-१ सिरुटारका श्यामशरण श्रेष्ठलाई वन जङ्गल चाहरेर हिँडेको भन्दै सुरुआती दिनमा धेरैले राम्रो मानेका थिएनन् । घरमा पनि छोराले के पढेको होला ? किन वन जङ्गल हिँडेको होला भनेर उत्तिकै चासो रहन्थ्यो । तर श्यामशरणलाई भने वन, बिरुवा अनि तिनमा रहेको औषधीय गुणका बारेमा जानकारी थियो ।

धेरै मानिसको नजर नपरेको बिरुवा खोज्दै हिँड्नेक्रम पनि जारी थियो । सुरुमा उहाँलाई सिस्नोले तानेको थियो । पोल्ने सिस्नोसँग मितेरी साइनो गाँसेर त्यसका बारेमा पत्ता लगाउने सुरुआती प्रयास तथ्यहरुको खोजी गर्दै जाँदा अगाडि नबढ्ने सङ्केत मिल्यो ।

गुरुहरुले दिएको सुझावलाई आत्मसात् गर्दै जाँदा सिस्नोसँग मितेरी साइनो लगाउने प्रयास खण्डित भयो । त्यसपछि उहाँको दिमागमा आफूसँगै हुर्केको बकाइनोको रुखको याद आयो । “मैले सानैदेखि मेरो घर नजिकै मसँगै हुर्केको बकाइनोसँग मित्रता गाँस्ने निधो गरेँ । मलाई त्यसको फलका बारेमा थाहा थियो । त्यो फुल्ने याम पनि मैले देखेको थिएँ । मेरा घरमा बाख्राले तिनका पात खान्थेँ”, श्रेष्ठले भन्नुभयो ।

बाथरोगदेखि सेतो दुबीसम्म निको पार्ने औषधीय गुण बकाइनोमा हुन्छ भन्ने सुनेका श्रेष्ठले बुझ्दै जाँदा बकाइनोको फल, पात वा बोक्रालाई पिसेर लेप बनाई लुतो, घाउ खटिरासमेत निको भएको पत्ता लाग्यो । “नेपालको वनजङ्गलमा पाइने जडीबुटीहरुले अनेकौँ औषधीय गुण बोकेको बकाइनोका बारेमा अध्ययन गर्ने निष्कर्षमा पुगेँ”, उहाँले भन्नुभयो, “तर त्यसले मात्रै मेरो अध्ययनको दायरा पुग्दैनथ्यो । त्यसपछि मैले बकाइनोसँगै कालो निउरो र अल्लोलाई पनि एक आपसमा जोडेर खोजबिन गर्ने निष्कर्ष निकालेँ ।”

विशेषतः पहाडी भेगमा पाइने चाँडो बढ्ने एक प्रकारको वनस्पति हो बकाइनो । वनस्पतिको आनुवांशिक अध्ययन गर्ने विषय आफैँमा सजिलो काम होइन । तर श्यामशरणले त्यही गाह्रो काम रोज्नुभयो । उमेरले साढे तीन दशक पुग्दा नै नामको अगाडि डाक्टर लेखाउने धोको थियो सायद तर गर्दै भन्दै जाँदा त्यो धोको पूरा हुन चार दशक नै लाग्न गयो । सन् २०१६ देखि नै विद्यावारिधिको अध्ययन सुरु गर्ने सोच थियो, उहाँको । ‘गोरखा भूकम्प’, पारिवारिक दायित्वले थिच्यो, उहाँलाई । तर जहाँ इच्छा त्यहाँ उपाय भने जस्तै श्यामशरणले सन् २०१७ देखि अल्लो, कालो निउरो र बकाइनोको रेशा केलाउने अध्ययन सुरु गर्नुभयो ।

मुलुकको जेठो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको वनस्पति विभाग । वनमन्त्रालयको वनस्पति विभाग अनि वनजङ्गल उहाँका अध्ययन क्षेत्र थिए । अनेकन अनुमति, अनेकन प्रक्रिया अनि अनेकन खोज सबै काम सँगसँगै अगाडि बढे । “उन्यूमा खासै अध्ययन भएको थिएन । त्यसमा पनि कालो निउरोका बारेमा त झनै थिएन”, उहाँ स्मरण गर्नुहुन्छ । दक्षिणकालीको जङ्गलमा पुग्ने र निउरो खोज्ने काम नियमित हुन थाल्यो । सङ्गीता राजभण्डारी श्यामशरणको मुख्य गाइड ।

नेपाली समाजमा प्रचलित लोकोक्ति छ ढुङ्गा टुसाउँदैन, उन्यू फूल्दैन । कुनै पनि काम नलाग्ने भनेर उन्यूका हकमा यस्तो भनिएको होला तर सोही उन्यू प्रजातिमा पर्ने कालो निउरो आफैँमा जीवनदायी औषधिका रुपमा रहेको अध्ययनबाट पत्ता लागेको छ । त्यो पत्ता लगाउने उनै श्यामशरण हुनुहुन्छ ।

त्रिभुवन विश्वविद्यालयमा दुई वर्ष र इटालीको पादोभा विश्वविद्यालयको डिर्पाटमेन्ट अफ फर्मासिटिकल एण्ड फर्माकोलिजिकलमा ११ महिना लगाएर गरिएको अध्ययनले देखायो, बकाइनो, अल्लो र कालो निउरोमा क्यान्सर रोक्ने गुण रहेको पत्ता लाग्यो । संसारभर नै चैतमा खरमा डडेलो लागे जसरी फैलिएको क्यान्सर रोक्नका लागि ती वनस्पति उपयोगी हुने कुरा पत्ता लगाउनु आफैँमा महत्वपूर्ण उपलब्धि थियो ।

अध्ययन भइरहेको थियो । एक दिन पादोभा विश्वविद्यालयको डिपार्टमेन्ट अफ फर्मासिटिकल एण्ड फर्माकोलिजिकलका प्रोफेसर डाक्टर स्टेफानो हर्षित मुद्रामा श्यामशरणका अगाडि देखा परे । अरु दिनभन्दा स्टेफानो खुसी देखिन्थे । उहाँले अभिवादन गर्नेबित्तिकै स्टेफानो अझै खुसी देखिए र भने, “बधाई छ, श्यामशरण । तिम्रो अध्ययन सफल भयो । अल्लो, कालो निउरो र बकाइनोमा क्यान्सरका सेल मार्नसक्ने औषधीय गुण छ । हाम्रो अध्ययनले त्यो देखायो ।”

विशेषतःअल्लोले छालाको रोग निर्मूल पार्न सक्छ । मधुमेह र विशेषगरी महिलाको पाठेघरको क्यान्सर र कलेजोको क्यान्सर नियन्त्रणका लागि प्रभावकारी हुने गुण पत्ता लागेको डा श्यामशरणको भनाइ छ । सौन्दर्य प्रशाधनका सामग्रीसमेत यसैबाट बनाउन सकिन्छ । त्यसले कुनै पनि हानि नगर्ने देखिएको छ । प्राथमिकरुपमा पत्ता लागेका विषयलाई थप अध्ययन गरेर त्यसलाई औषधिमा नै परिवर्तन गर्न ठूलो लगानी र जनशक्ति आवश्यकपर्ने श्यामशरणको भनाइ छ । सरकारले यसमा विशेष चासो लिएर काम गरे, आफू त्यसका लागि सघाउन तयार रहेको उहाँले जानकारी दिनुभयो ।

नेपालका विभिन्न भूभागमा ठूलो सिस्नो, लेकाली सिस्नो, भाङ्ग्रे सिस्नो, पुवा जातका नामले चिनिने अल्लो आफैँमा बहुपयोगी वनस्पति हो । अल्लोलाई विदेशीहरुले नीलगिरि नेटलको नामले चिन्छन् । यसको नरम मुना, पात, बोक्रा र जराका भागहरू निकै उपयोगी मानिन्छ । यसको काण्डको बोक्रा कपडा, डोरी तथा विभिन्न घरायसी सामग्री निर्माणका लागि प्रयोग गरिन्छ ।

अल्लोको कलिला मुना सागका रूपमा तरकारी खान पनि प्रयोग गरिन्छ । यो वनस्पतिको पात टाउको तथा शरिर दुखेको, ज्वरो, क्षयरोग र पिसाबको गडबडीका लागि अचुक औषधिका रुपमा पनि स्थानीयस्तरमा पहिल्यैदेखि प्रयोग हुने गरेको छ । त्यसबाहेक यसको जराको रस मधुमेहका बिरामीका लागि अति नै उपयोगी रहेको यसअघि नै पत्ता लागेको हो । अल्लो पछिल्ला दिनमा कार्पेट उद्योगमा पनि प्रयोग हुन थालेको छ ।

अल्लोका कपडा जापान, बेल्जियम, चीनलगायतका देशमा निर्यातसमेत हुने गरेको छ । नेपालमा अल्लोको कपडा बनाउने उद्योगको पनि व्यावसायिक विस्तार भएको छ । हाल अल्लोको कपडाको बजार मूल्य प्रतिमिटर रु १२०० देखि २००० सम्म छ ।

राष्ट्रियरुपमा अल्लोबाट निर्मित कपडाको माग उच्च रहेकाले नेपाल उद्योग वाणिज्य महासङ्घले विभिन्न जिल्लामा अल्लोको उत्पादनमा विशेष जोड दिएको छ । अल्लोको प्रचुर सम्भावना भएको जिल्लामा छुट्टै उद्योग स्थापना गरेर त्यसलाई व्यावसायिक रुप दिनुपर्ने माग पनि बढ्दै गएको छ । पर्वत, सङ्खुवासभाका किसानले पनि अल्लोबाट व्यावसायिक लाभ लिएका छन् । लमजुङ उद्योग वाणिज्य सङ्घले ‘एक गाउँ एक उत्पादन’अन्तर्गत अल्लो छनोट गरेको छ ।

नेपालको १२ सय मिटरदेखि ३१ सय मिटरको उचाइसम्म पाइने र अङ्ग्रेजी भाषामा ‘हिमालयन जायन्ट नेटल’ अनि ठेट नेपाली भाषामा ‘भाङ्ग्रे सिस्नो’ र कुलुङ जातिको मातृभाषामा ‘जा-खिल्ल-जाखिल्मा’ पनि भनिन्छ । बेलायत, जापान, जर्मनी, अमेरिका, फ्रान्स, क्यानाडा, इटाली, स्विट्जरल्यान्ड, नेदरल्यान्ड, नर्वे, डेनमार्क, फिनलान्ड, दक्षिण कोरिया आदि देशमा अल्लोको कपडा निर्यात हुने गरेको छ ।

अल्लोको दिगो विकास, व्यवस्थापन, प्रविधि हस्तान्तरण, उद्यम विकास आदिका लागि तालिम, जीविकोपार्जनका लागि वन कार्यक्रम आदिसँग मिलेर पर्वत, बागलुङ, म्याग्दी आदि जिल्लामा कार्यक्रम सञ्चालन गरिएको छ । नेपालको वन जङ्गल, पाखा पखेरा जतासुकै पाइने कालो निउरोबाट प्राणघातक क्यान्सर रोगको औषधि बन्नसक्छ भन्ने कुरा पत्ता लागेको छ । कालो निउरो मात्रै नभई बकाइनो पनि उत्तिकै महत्वपूर्ण छ ।

नेपालमा फाइने अधिकांश वनस्पति कुनै न कुनैरुपमा काम लाग्दो औषधिका रुपमा प्रयोग गर्न सकिने खोजबिनबाट पत्ता लागेको छ । लगानीको अभाव तथा थप अध्ययनको अभावमा त्यसबाट फाइदा लिन भने सकिएको छैन । रासससँगको कुराकानीका क्रममा श्यामशरणले भन्नुभयो, “हामीले काम नलाग्ने भनेर खेर फालेका ती वनस्पति आफैँमा असाध्यै महत्वपूर्ण रहेको पाइएको छ ।”

**बकाइनो एक बहुउपयोगी प्रजाति**

नेपालको वनजङ्गलमा पाइने जडीबुटीहरुले अनेकौँ औषधीय गुणहरु बोकेका हुन्छन् । त्यसमध्ये एक हो, बकाइनो । बकाइनोमध्ये पहाडी भेगमा पाइने चाँडो बढ्ने एक प्रकारको वनस्पति हो । बकाइनोको फल, पात वा बोक्रालाई पिसेर लेप बनाई लुतो, घाउ खटिरामा लगाउँदा प्रभावकारी मानिने विश्वास गरिन्छ ।

बकाइनोको धुलो वा चूर्णलाई मनतातो पानीमा मिलाएर दैनिक पिउँदा थुप्रै किसिममा छाला रोग केही हदसम्म ठीक हुने डा श्रेष्ठको भनाइ छ । यसको प्रयोगले महिलाको गर्भाशयलाई पनि फाइदा हुन्छ । बकाइनो घर खेतबारीमा लगाउन सकिन्छ । यो बाख्राको प्रिय घाँस पनि हो । यही तथ्यमा रहेर अध्ययन गर्दा गर्भाशयको क्यान्सर रोक्ने क्षमता बकाइनोमा रहेको पाइएको उहाँले

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईराइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मौद्रिक नीति सकारात्मक भएको महासंघको ठहर

काठमाडौँ, ८ साउन (रासस)। नेपाल घरेलु तथा साना उद्योग महासङ्घले स्वदेशी वस्तुको प्रवर्द्धनका लागि कर्जालाई उत्पादनशील क्षेत्रमा लगाउने गरी सार्वजनिक भएको चालु आवको मौद्रिक नीति स्वागतयोग्य रहेको बताएको छ। स्वदेशी वस्तुको प्रवर्द्धन र विकासका लागि बहस पैरवी गर्दै आएको महासङ्घले माग सम्बोधन हुने गरी स्वदेशी वस्तुको प्रवर्द्धनका लागि कर्जालाई उत्पादनशील क्षेत्रमा लगाउने विशेषता समेटिएको भन्दै नीतिको स्वागत गरेको हो।

कोभिड-१९ महामारीबाट प्रभावित लघु, घरेलु, साना उद्यम र उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिई सहुलियत दरमा प्रदान गरिँदै आएको पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई निरन्तरता दिनु मौद्रिक नीतिका सकारात्मक पक्ष भएको महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहकोभनाइ छ।

लघु, घरेलु तथा साना र मध्यम उद्यमका लागि कर्जा पहुँच बढाई कर्जाको अधिकेन्द्रीकरण क्रमशः कम गर्नेतर्फ मौद्रिक नीतिले जोड दिनु, बैंक तथा वित्तीय संस्थाबाट अधिकतम रु पाँच करोडसम्म कर्जा उपयोग गरेका उद्यम व्यवसायले २०७९ असार मसान्तसम्म तिर्नुपर्ने कर्जाको सावा तथा ब्याज २०७९ असोज मसान्तसम्म भुक्तानी गरेमा पेनाल ब्याज लिन नपाउने व्यवस्था गरिनु मौद्रिक नीतिको राम्रो पक्ष भएको अध्यक्ष सिंहको भनाइ छ।

बैंक तथा वित्तीय संस्थाले खाद्यान्न उत्पादन, पशुपक्षी, मत्स्यपालन, निर्यातजन्य र शतप्रतिशत स्वदेशी कच्चापदार्थमा आधारित उत्पादनमूलक उद्योगका लागि रु दुई करोडसम्मको कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम दुई प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी ब्याजदर निर्धारण गरिनुजस्ता व्यवस्थाले स्वदेशी उद्योगको प्रवर्द्धन र विकासमा सहयोग पुग्ने देखिएको महासङ्घको ठहर छ।

मूल्य र बाह्य क्षेत्र स्थायित्व कायम राख्दै समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन गर्ने र वित्तीय साधनलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई उत्पादकत्व अभिवृद्धिमार्फत आयात प्रतिस्थापन गर्दै निर्यात अभिवृद्धि गरी आर्थिक वृद्धिलाई सहयोग पुर्‍याउने कार्यदिशा मौद्रिक नीतिले विगतको मौद्रिक नीतिले अवलम्बन गरेका सकारात्मक व्यवस्थालाई निरन्तरता दिनु स्वागतयोग्य भएको महासङ्घले जनाएको छ।

### *'उन्यूका डाक्टर' ले...*

जानकारी दिनुभयो।

बकाइनोको १० देखि २० भागको हरियो पातलाई धुलो बनाई पानीमा मिलाएर १२ घण्टासम्म भिजाएर बारी तथा खेतमा छर्किंदा थुप्रै किसिमका किटाणु तथा सागसब्जीमा लाग्ने किरा र लाहीलाई निर्मूल गर्न सकिन्छ। खेत तथा बारीको बीचभागमा बकाइनोको बिरुवा लगाउँदा हानिकारक तत्वहरु, बाली तथा सागसब्जीमा लाग्ने किरालाई समेत विकर्षण गराउन सकिने सामाजिक मान्यता छ।

बाथरोग भएमा बकाइनोको गेडालाई रायो र सर्स्युँमा पिनेर लेप लगाउँदा बाथ विस्तारै ठीक हुँदै जाने आयुर्वेद चिकित्सामा बताइएको छ। रगत जमेर गाँठो भएमा बकाइनोको पात पिनेर लेप बनाएर लगाउँदा घाउ छिट्टै निको हुनुका साथै रगत जमेर बसेको ठाउँ पनि सफा भएर जाने श्रेष्ठको भनाइ छ।

बकाइनोको फूल पिनेर घाउ, खटिरा, चिलाउने ठाउँमा लगाउनाले ठीक हुन्छ। सेतो दुबीमा भएमा १० पात निम र १० पात बकाइनोलाई पिनेर लेदो बनाएर लगाएमा केही समयमा सेतो दुबी ठीक हुन्छ। दाद आएका खण्डमा पाकेको बकाइनोको गेडालाई धुलो बनाई कागतीमा फिटेर लगाउनाले दाद निको हुन्छ। पत्थरी रोगमा भएमा बकाइनोको एक चम्चा पातको रसमा र आधा चम्चा ज्वाखार मिलाएर बिहान/बेलुका खाने गरेमा पित्त एंव मूत्राशयको पत्थरी ठीक हुने प्रमाणित नै भइसकेको छ।

यसैगरी बकाइनोको ५० ग्राम बोक्रा ३०० ग्राम पानीमा उमाल्ने र चौथाइ भाग बाँकी भएपछि सिसीमा राखेर एक/एक चम्चा बिहान-बेलुका खाने गरेमा बालबालिका, वृद्धवृद्धालाई जुका परेको छ भने पनि दुई/चार दिनमै ठीक हुने उहाँको भनाइ छ।

बकाइनोलाई दाँत माँझ्न पनि प्रयोग गर्न सकिन्छ। स्त्रीको मासिक धर्म धेरै पटक भएमा वा रक्तश्राव बढी भएमा बकाइनोको पातको रस एक चम्चा बिहान/बेलुका खाने गरेका उक्त समस्याबाट मुक्ति पाइन्छ। गर्भाशय शुद्धिका लागि पनि बकाइनोको पातको रस नित्य एक/एक चम्चा बिहान/बेलुका दिने गरेमा गर्भाशय शुद्धि हुने प्रमाणित नै भइसकेको छ।

बकाइनो चीन, जापान, भारतीय उपमहाद्वीप, दक्षिण-पूर्वी एशिया र उत्तरी तथा पूर्वी अष्ट्रेलियाको ठूलो क्षेत्रको रैथाने वनस्पति हो। यो सामान्यतया नेपालमा ७०० देखि १३०० मिटरसम्म पाइन्छ। बकाइनो चाँडो बढ्ने, पतझर रूख हो जुन घना, ओसिलो जङ्गलमा लगभग ४५ मिटरको उचाइमा पुग्न सक्छ। यो चिसो र सुख्खा क्षेत्रमा धेरै सानो हुन्छ जहाँ यो कहिलेकाहीँ हुर्कन्छ र केबल १०-१५ मिटर अग्लो हुन्छ। सुरिलो बेलनाकार काण्डको २० मिटरसम्म हाँगा हुँदैनन्। रूख सामान्यतया पतझर हुन्छ, तर आर्द्र उष्ण क्षेत्रमा केही सदाबहार हुन्छन्। यो राम्ररी मुना आउने प्रजाति हो।

पहेंलो बैजनी वा बैजनी पाँच पत्रदल भएको झुप्पामा फुल्ने फूल साना र सुगन्धित हुन्छ। मार्च-अप्रिलमा फूल फुल्ने र डिसेम्बर-जनवरीमा फल पाक्ने गर्छ। फल गुदीदार, गुच्छा आकारको, छिप्पिदा हल्का पहेँलो हुने जाडोभर रूखमा झुन्डिरहन्छ र बिस्तारै चाउरी पर्ने र लगभग सेतो हुन्छ।

बकाइनो उपोष्ण जलवायु क्षेत्रको रूख भए तापनि यो अत्यधिक अनुकूलनीय वनस्पति हो। यसले केही तुषारोसहित न्यानो शीतोष्णबाट आद्र उष्ण क्षेत्रसम्मको अवस्थाको विस्तृत दायरालाई सहन सक्छ। यो उष्ण क्षेत्रमा एक हजार, ८०० मिटरसम्मको उचाइमा हुर्किन्छ। यसले सबैभन्दा तातो महिना ३९ डिग्री सेल्सियससमा औसत अधिकतम तापक्रम सहन सक्छ। काठ कडा, केही गह्रौं, सजिलै फुट्ने र केही हदसम्म टिकाउ छ। यो फर्निचर, प्याकिङ केस, निर्माण, सजावटी ढक्कन आदि बनाउन प्रयोग गरिन्छ।

**निउरो नयाँ स्वाद**

श्रेष्ठलाई धेरैले उन्यूका डाक्टर भनेर चिन्छन्। उहाँलाई त्यसमा कुनै गुनासो छैन। "मैले त्यसैमा पढे र त्यसैका सिके। त्यसमा औषधीय गुण हुन्छ भन्ने पत्ता लगाए", श्रेष्ठले भन्नुभयो। पाठेघरको क्यान्सर रोक्न तथा मधुमेहका रोगीका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको पाइएको उहाँको भनाइ छ।

सन् २०२२ को जुलाई ४ मा मात्रै उहाँले विद्यावारिधिको उपाधि पाउनुभयो। छाला रोगको उपचार, झाडाबान्ता रोक्न, पिसाब पोल्ने रोगको निदानका लागि पनि निउरोको उत्तिकै महत्व छ। पेटजन्य अन्य रोगको नियन्त्रणका लागि पनि यसको सेवन महत्वपूर्ण मानिन्छ। निउरो रोप्न पर्दैन। रोपेर पनि उत्पादन गर्न सकिन्छ। तर वनजङ्गलमा आफैं पलाउँछ। यो उन्यु प्रजातिको घाँस हो। पहाड र तराई सबैतिरको जङ्गलमा निउरो पाइन्छ। तर यसको जातमा केही भिन्नता हुन्छ। साथै स्वाद पनि फरक हुन्छ। तुलनात्मकरुपमा पहाडको जङ्गलमा पाइने निउरो बढी स्वादिलो मानिन्छ। वन जङ्गलमा आफैं उम्रने भएकाले यसमा कुनै रासायनिक मल वा विषादी प्रयोग हुँदैन। अर्थात यो पूर्णतः जैविक हुन्छ।

निउरो खानुको फाइदैफाइदा छन्। पोषणविद्ले निउरो पौष्टिकताले भरिपूर्ण रहेको बताइन्छ। यसमा प्रोटिन, क्यालिसयम, भिटामिन ए लगायतका पोषकतत्व पाइन्छ। बालबालिका र गर्भवती महिलालाई त निउरो अरु बढी लाभदायक छ। किनभने निउरोको तरकारी सेवन गरिरहँदा भिटामिन प्राकृतिकरुपमै प्राप्त हुन्छ। अतिरिक्त भिटामिनको चक्की चपाइरहनु पर्दैन। यसमा कोलेस्टोर एवं बोसोजन्य पदार्थ नपाइने भएकाले कुनै पनि किसिमको हानी नहुने बताएका छन्।

आम्दानीका हिसाबले निकै राम्रो देखिएको निउरो स्वास्थ्यका हिसाबले पनि त्यतिकै गुणकारी रहेको छ। पौष्टिकताले भरिपूर्ण भएको वनस्पतिका रूपमा चित्रण गरेका छन्। निउरोमा प्रोटिन, क्यालिसयम, भिटामिन 'ए' लगायतका धेरै पौष्टिक तत्व पाइन्छन्। भिटामिन 'ए' लगायत विभिन्न सुक्ष्म पौष्टिक तत्व पाइने भएकाले बच्चा र गर्भवती महिलालाई कुपोषणबाट बचाउन निउरोले निकै मद्दत गर्छ।

यस्ता विवरण सुनाउँदै भक्तपुरे रैथाने श्यामशरणले भन्नुभयो, "कौडीको भाउमा नेपालको प्राकृतिक वनस्पति विदेश निर्यात नगरौं। त्यसलाई नै डलर आर्जन गर्ने माध्यममा परिणत गरौं।" औषधीय गुण भएका वनस्पतिको प्रवर्द्धन गर्न 'पिपल एण्ड प्लान्ट' को अवधारणामा काम गर्नुपर्ने उहाँको भनाइ छ।

"नेपाल औषधिको भण्डार हो। यसको विकास र प्रवर्द्धन गरे मात्रै पनि अरु केही गर्नु पर्दैन। सम्भावना नै सम्भावना छ यसैमा", उहाँले भन्नुभयो, "यसमा खोजी गर्ने जनशक्ति तयार गरौं। लगानी बढाऔं। उद्योग व्यवसायको विस्तार गरौं। त्यसका लागि सरकारले नै चासो देखाओस्।" पछिल्ला दिनमा नेपालका वनस्पति र त्यसको गुणका बारेमा खोजविनसमेत बढेको भन्दै 'उन्यूका डाक्टर' श्रेष्ठले भन्नुभयो, "लगानी बढाऔं, प्रतिफल हासिल हुन्छ।"

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### भारतमा बीस हजारभन्दा बढीमा कोरोना संक्रमण पुष्टि

नयाँदिल्ली, ८ साउन (रासस/सिन्ह्वा)। बितेका २४ घण्टामा देशका विभिन्न भागमा २० हजार दुई सय ७९ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार जनाएको छ। यसअघि भारतमा लगातार तीन दिनसम्म सङ्क्रमितको सङ्ख्या २१ हजारभन्दा माथि पुगेको थियो।

हाल भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ३८ लाख ८८ हजार पुगेको छ भने एक लाख ५२ हजार दुई सय सक्रिय सङ्क्रमित छन्। सोही अवधिमा १८ हजार एक सय ४३ सङ्क्रमणमुक्त भएका छन्। योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३२ लाख १० हजार पाँच सय २२ पुगेको छ

मन्त्रालयले जारी गरेको पछिल्लो विवरणअनुसार कोरोना सङ्क्रमणबाट ३६ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोनाबाट पाँच लाख २६ हजार ३३ जनाको मृत्यु भएको छ। महामारी शुरु भएयता ८६ करोड ८९ लाखभन्दा बढीको परीक्षण गरिएको छ।

सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९विरुद्ध खोप अभियान जारी छ। सोहीक्रममा हालसम्म दुई अर्ब ९१ लाख मात्राभन्दा बढी खोप लगाइएको छ।

### नयाँदिल्लीमा पनि मङ्कीपक्सका बिरामी

नयाँदिल्ली, ८ साउन (रासस/सिन्ह्वा)। यहाँ मङ्कीपक्सका एकजना बिरामी फेला परेका छन्। राजधानी शहरमा यो रोगका बिरामी पहिलोटक भेटिएका हुन्। योसँगै मङ्कीपक्सका लागेका बिरामीको सङ्ख्या चार पुगेको छ।

यसअघि दक्षिणी राज्य केरलामा तीन जनामा यो रोग लागेको पुष्टि भएको थियो। आइतबार रोग पुष्टि भएका बिरामीलाई सरकारी अस्पताल भर्ना गरिएको छ। उनले यसअघि कुनै देशको यात्रा गरेका थिएनन्। अस्पतालका अनुसार बिरामीलाई ज्वरो र छालामा घाउ देखिएको भए पनि अवस्था स्थिर छ। यसअघि रोग पुष्टि भएका बिरामी विदेशबाट आएका थिए।

विश्व स्वास्थ्य सङ्गठनले मङ्कीपक्सलाई अन्तरराष्ट्रिय स्वास्थ्य चिन्ताको विषय बनेको बताउँदै शनिबार विश्वव्यापी जनस्वास्थ्य आपत्कालीन घोषणा गरेको थियो। उक्त सङ्गठनका अनुसार यो रोग सङ्क्रमित जनावरबाट अप्रत्यक्ष वा प्रत्यक्ष सम्पर्कबाट मानिसमा सर्छ जसले छालामा खटिराजस्ता देखिने घाउ बनाउँछ।

हालसम्म विश्वका ७५ देशमा मङ्कीपक्सका १६ हजारभन्दा बढी बिरामी भेटिएका छन् भने पाँच जनाको मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ।

### सेल्फी खिच्ने क्रममा दुई युवकको मृत्यु

खैबर पख्तुनख्वा, ८ साउन (रासस/एएनआई)। खैबर पख्तुनख्वाको स्वात जिल्लामा सेल्फी खिच्ने क्रममा भीरबाट खसेर दुई युवकको मृत्यु भएको छ।

घुमफिरको क्रममा स्वातको अलिदाद जहाँगिर गाउँमा अवस्थित रमणीय झरनामा पुगेका तीन जना युवकमध्ये २७ वर्षीय सनाउल्लाह झरना नजिकैको भीरमा उभिएर सेल्फी खिचिरहेका बेला चिप्लिएर लडेका तथा उनका २२ वर्षीय साथी अदनानले उनलाई बचाउन खोज्दा अदनान पनि चिप्लिएर पोखरीमा बजारिँदा दुवैजनाको घटनास्थलमा मृत्यु भएको प्रहरीलाई उद्धृत गर्दै समाचारपत्र डनले जनाएको छ। उनीहरू दुई सय फिटको उचाइबाट खसेका थिए। दुर्घटनाका साक्षी उमरले नजिकैको गाउँमा पुगेर घटनाबारे स्थानीयलाई जानकारी दिएका थिए।

### मलेसियामा कोभिडका बिरामी बढे, नौ जनाको मृत्यु

क्वालालम्पुर, ८ साउन (रासस/सिन्ह्वा)। शनिबार मध्यरातसम्मको विवरणअनुसार देशका विभिन्न भागमा चार हजार आठ सय १६ जना कोभिड-१९ का नयाँ बिरामी थपिएका छन् भने नौ जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएका छ।

स्वास्थ्य मन्त्रालयका अनुसार देशमा कोरोनाबाट पीडितको सङ्ख्या ४६ लाख ४८ हजार नौ सय ३१ पुगेको छ भने ३५ हजार नौ सय ११ जनाले ज्यान गुमाएका छन्।

यसैबीच, न्युजिल्याण्डमा पाँच हजार पाँच सय ३५ जनामा सङ्क्रमण पुष्टि भएको तथा हालसम्म एक हजार नौ सय ९० जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति निकालेर जनाएको छ।

# हितनारायण लाल दासलाई वैद्य-प्रकाश मानव अधिकार पुरस्कार प्रदान गर्ने निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**

वैद्य-प्रकाश मानव अधिकार पुरस्कार कोषको राजविराजमा सम्पन्न बैठकले २०७९ का लागि सामुदायिक सेवा केन्द्रका अध्यक्ष ७३ वर्षीय हितनारायण लाल दासलाई सम्मानित गर्ने निर्णय गरेको छ ।

शैक्षिक र सामाजिक जागरणको अभियानमा योगदान पु-याउनु हुने राजविराज नगरपालिका ५ निवासी दासलाई वैद्य-प्रकाश मानव अधिकार पुरस्कारबाट सम्मानित गर्ने निर्णय गरिएको कोषका संस्थापक



वैद्यनाथ झाले जानकारी दिएका छन् ।

पाँच दशक अघि शिक्षण पेशाबाट सार्वजनिक जीवन सुरु गर्नुभएका दास हाल महिला, बालबालिका तथा जेष्ठ नागरिकको चेतना अभिवृद्धिका लागि निरन्तर कटिबद्ध र क्रियाशील छन् ।

बाल मन्दिर राजविराजमा २३ वर्षसम्म अध्यापन गर्नुभएका उनले विभिन्न गैरसरकारी संस्थामा कुशल व्यवस्थापक, संयोजक, प्रशिक्षक भई पछाडि पारिएका वर्गहरुका माझ चेतना जगाउने अभियानमा देखाउनु भएको क्रियाशीलता तथा बालबालिकाको चेतना, मानव अधिकारका साथै लैङ्गिक हिंसा र लागु पदार्थविरुद्धको जागरण अभियानमा प्रशंसनीय योगदान गरेकाले सम्मान गर्न लागिएको हो ।

# प्रियालाई उर्मिला स्मृति पुरस्कार



**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**

मैथिली भाषाकी गायिका मुनचुन देव प्रियालाई उर्मिला झा स्मृती पुरस्कारबाट सम्मानित गरिएको छ । प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाद्वारा स्थापित उक्त पुरस्कार मधुश्रावणि पर्वको अवसरमा आयोजित कार्यक्रमबीच प्रदान गरिएको हो ।

सप्तरीको तिरहुत गाउँपालिका १ निवासी प्रिया रेडियोकर्मी समेत हुन् । मैथिली महिला परिषद् सप्तरीकी अध्यक्ष शान्ति झाको अध्यक्षताम आयोजित सम्मान समारोहमा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, विशिष्ट अतिथि मधेश प्रदेश मिडिया काउन्सीलका अध्यक्ष शिवहरी भटराइले संयुक्त रुपमा सो पुरस्का प्रदान गरे ।

मैथिली महिला परिषद् सप्तरीकी आजिवन सदस्य रहेकी गायिका उर्मिला झाको चार वर्ष अघि सवारी दुर्घटनामा निधन भएको थियो । उनको स्मृती एवं सम्मानमा उक्त पुरस्कारको स्थापना गरिएको संस्थापक झाले बताए ।

# तीन किशोरी झुण्डिएको अवस्थामा फेला

बनियानी, ८ साउन (रासस) ।

दक्षिणी झापाको सीमावर्ती गाउँपालिका कचनकवलमा आइतबार तीन किशोरी रुखमा झुण्डिएको अवस्थामा फेला परेका छन् । कचनकवल-५ पाठामारीस्थित सुनकोसी चिया बगानको रुखमा झुण्डिएको अवस्थामा तीन जना किशोरी फेला परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त पाठकले जानकारी दिनुभयो ।

उहाँका अनुसार कचनकवल-५ की १७ वर्षीया अञ्जली गणेश, १६ वर्षीया करिना गणेश र १६ वर्षीया कल्पना गणेश बगानको बयरको रुखमा झुन्डिएको अवस्थामा फेला परेका हुन् । उनीहरूले सामूहिक आत्महत्या गरेको हुनसक्ने अनुमान गरिए पनि आत्महत्याको कारण खुलेको छैन ।

सोही चिया बगानमा काम गर्दै आएका उनीहरू शनिबार दिउँसोदेखि घरबाट सम्पर्कविहीन भएको र आइतबार बिहान रुखमा झुण्डिएको अवस्थामा स्थानीयवासीले देखेपछि प्रहरीलाई खबर गरेको उहाँले बताउनुभयो । घटनास्थलमा प्रहरी खटाइएको र अनुसन्धान अगाडि बढाइएको प्रहरी नायब उपरीक्षक पाठकले बताउनुभयो ।

### *राजविराज नगर ...*

कम्पनी न्यू गहिल कन्ट्रक्शनले गरेको काम भन्दा २ लाख ६३ हजार बढी भुक्तानी लिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उक्त कम्पनीका तत्कालिन संचालक समेत रहेका राजविराज नगरपालिकाका नव निर्वाचित मेयर भीमराज यादव विरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेपछी हाल उनी निलम्बीत अवस्थामा छन् ।

यद्दपी मेयर यादवले यस्तो कुनै अनियमितता नगरेको र ५ वर्ष अघि सम्पन्न निर्माण कार्यको विषय ब्युँत्याएर आफुलाई फसाउन खोजिएको दावी गर्दै अदालतबाट आफु न्याय पाउने विश्वास व्यक्त गर्दै आएका छन् ।

# समुन्नती कार्यक्रम सम्बन्धी बैठक सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**

सेभ द सप्तरीद्वारा आयोजित तथा सेभ द चिल्ड्रेनको सहयोगमा पालिकाहरूको जननिर्वाचित प्रतिनिधिहरूसँग स्वागत कार्यक्रम तथा परिचयात्मक बैठक आइतबार सम्पन्न भएको छ ।

आयोजित बैठकमा समुन्नती कार्यक्रम अन्तर्गत राजविराज नगरपालिका १, ५, १४, १५ र १६ मा बालबालिकाहरूको स्वास्थ, शिक्षा तथा जीवन उपयोगी सम्बन्धी कार्यक्रम प्रभाकारी बन्दै गएको दाबी गरिएको छ ।

संस्थाले राजबिराज १४ स्थित राप्राबि प्रसाहीको बालविकास निर्माण गर्न २० लाखको सहयोग गरेपछि बालबालिकाहरूलाई पठनपाठन गर्न सहयोग मिलेको तथा राजबिराज १६ स्थित बर्थिङ सेन्टर निर्माण गर्न २४ लाख ८३ हजार ७ सय ५२ रूपैया र राजबिराज नगरपालिका वडा १६ ले १५ लाख सहयोग गरेपछि त्यस क्षेत्रका नागरिकहरू लाभान्वित भएको बताएको छ ।

विपन्न समुदायलाई लघुउधम बिकास व्यवसाय सुरूवात र सुधार तालिम तथा व्यवसायी संचालन सामग्री सहयोगका लागि ४० हजार साथै ६ जना बेरोजगार युवाहरूलाई अल्मुनियम सम्बन्धी तालिमका लागि १ लाख ८५ हजार बराबरको सहयोग गरेको सेभ द सप्तरीका कार्यक्रम अधिकृत राजिव चौधरीले जानकारी दिए ।

यस्तै मुख्य क्रियाकलाप अनुसार बाल क्लवका बालबालिकाहरूको लागि जीवन उपयोगी सीप तथा बितिय शिक्षा सम्बन्धी सत्र संचालन, बाल अधिकार समिति पुर्न गठन, नवजात शिशु स्याहार कुनाको लागि आवश्यक उपकरण सहयोग जस्ता कार्यक्रम गर्दै आएको स्पोनसरसिप कार्यक्रम अधिकृत फरजना खातुनले बताईन ।

उक्त अवसरमा राजबिराज नगरपालिका उपप्रमुख ईसरत परविनले गर्भदेखि नै बालबालिकाहरूको संरक्षण गर्नुपर्नेमा जोड दिइन् । जन्मदेखि नै बालबालिकाहरूको परिवारिक संरक्षण गरी राम्रो वातावरणमा उनीहरूको बिकास गर्नुपर्नेमा उनले बताइन् ।

उक्त अवसरमा प्रमुख प्रशासकिय अधिकृत भोगेन्द्र प्रसाद यादव, राजबिराज ५ का अध्यक्ष बन्धु लाल दास, वडा १४ का जगदिश मण्डल, वडा १५ का ओमनारायण साह, वडा १६ का एकवाल यादव, कार्यकालिका सदस्य सोनी रजक, सेभ द सप्तरीका फिल्ड अधिकृत बिष्णुकान्त देव, कार्यक्रम सुपरभाईजर भुपेन्द्र सदा, समुदायिक परिचालक रामु यादवलगायतको सहभागिता रहेको थियो ।

# हराएकी महिलाको दुई दिनपछि शव फेला

जनकपुरधाम, ८ साउन (रासस) ।

बाख्रा चराउने क्रममा हराएकी सिरहाको विष्णुपुर गाउँपालिका-२ का एक महिला दुई दिनपछि मृतावस्थामा फेला परेकी छिन् । गत विहीवारदेखि हराएकी विष्णुपुर गाउँपालिका-२ निवासी ४७ वर्षीया उर्मिलादेवी यादवको शव शनिबार साँझ स्थानीय कटनियाँ खोलामा फेला परेको प्रहरीले जनाएको छ ।

बाख्रा चराउन भन्दै घरबाट हिँडेकी उनी घर नफर्केपछि खोजतलास गर्ने क्रममा खोलामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीले जानकारी दिनुभयो । शव परीक्षणका लागि लहानस्थित प्रदेशिक अस्पताल पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।


उत्पादन बढाऔं र औद्योगिकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं; फजुल खर्च नगरौं।
- बचत गरी बैंक तथा वित्तिय संस्थामा रकम जम्मा गरौं।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पुँजी निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*